त्रिपुरासुन्दरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : १ त्रिपुराकोट खण्ड : ३ २०७५ असोज १ गते

भाग १ अंक

त्रिपुरासुन्दरी नगरपालिकाको

## विपद व्यवस्थापन ऐन, २०७५

स्तावनाः

विपद व्यवस्थापन का लागि सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरि प्राकृतिक तथा गैरप्राकृतिक बिपदबाट सर्वसाधारणको जिउज्यान र सार्वजनिक, निजि तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवं सास्कृतिक सम्पदा भौतिक संरचानाको सम्रक्षणगर्न विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन सम्बन्धि नेपालको सबिधान धारा २२६ बमोजिम त्रिपुरासुन्दरी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १

### १) संक्षिप्त नाम र प्रारम्भः

१) यस ऐनको नाम "विपद व्यवस्थापन ऐन, २०७५" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

### २) परिभाषा बिषय तथा प्रसंगले अन्य अर्थ नलागेमा

क) "**विपद व्यवस्थापन समिति**" भन्नाले दफा ३ (क) बमोजिम बनेको समितिलाई सम्झनु पर्दछ .

**ख) "वडा स्तरीय विपद व्यवस्थापन समिति"** भन्नाले दफा ४ (क) बमोजिम बनेको समितिलाई सम्झनु पर्दछ .

ग) "**कोष**" भन्नाले दफा ७ बमोजिमको विपद व्यवस्थापन कोष सम्झनुपर्दछ .

घ) **“प्राकृतिक तथा गैर प्राकृतिक विपद”** भन्नाले तोकिए बमोजिमका विपद सम्झनुपर्दछ .

ङ) **“व्यवसायिक प्रतिष्ठान”** भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्गमल, बहूउद्धेश्यीय व्यापारिक भवन जस्ता तोकिए बमोजिमका ब्यवसायिक प्रतिष्ठान सम्झनु पर्दछ .

च) **“सार्वजनिक संस्था”** भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको सस्था, प्रचलित कानुन बमोजिम स्थापना भएका सङ्गठित सस्था वा सवै प्रकारका स्वास्थ्य तथा शैक्षिक सस्था सम्झनु पर्दछ ।

छ) **“सुरक्षा निकाय”** भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान बिभाग, नगर प्रहारी सम्झनु पर्दछ ।

## परिच्छेद - २

## विपद व्यवस्थापन समिति गठन तथा काम, कर्तव्य र अधिकार

### ३) नगरस्तरीय विपद व्यवस्थापन समिति गठन

क) नगरस्तरमा तपशिल बमोजिमको विपद व्यवस्थापन समिति गठन गरिनेछ :-

१. नगरपालिका प्रमुख - अध्यक्ष

२ नगर कार्यपालिका सदस्य २ जना - सदस्य

३. वडा सदस्यहरू मध्येबाट प्रमुखले मनोनयन गरेका २ जना (नगर सभा सदस्य )

४. राष्ट्रिय स्तरका राजनीतिक दलका नगरपालिका स्तरीय प्रतिनिधि -

५. नेपाल रेडक्रस सोसाइटी, स्थानीय गैरसरकारी संस्था, अपांगता भएका व्याक्तिको समन्वय समिति, निजि क्षेत्र, सहकारी, सामुदायिक संस्था, विद्यालय व्यवस्थापन समिति, स्थानीय शिक्षक, स्वास्थ्यकर्मी, प्रहरी, वा महिला समूह मध्ये प्रमुखले मनोनित गरेका (५ जना) (यसमा महिला, वालवालिका, युवा, शिक्षक तथा अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक, र दलितलाई प्राथमिकता दिनुपर्नेछ । )

६. स्थानीयस्तरमा उपलब्ध विपद् व्यवस्थापनसम्बन्धी विज्ञमध्ये प्रमुखले मनोनयन गरेका (२ जना)

७. विषयगत निकायका प्रतिनिधिहरु - ३ जना सदस्य

८. नगरपालिकाले तोकेको पदाधिकारी –सदस्य सचिव

ख) नगरस्तरिय विपद व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार

१) त्रिपुरासुन्दरी नगरपालिकामा विपद पुर्व तयारी तथा प्रतिकार्य योजना, पुर्व सुचना प्राणाली, खोज तथा उदार समन्वय, राहत सामाग्रीको पुर्व भण्डारण, वितरण र समन्वय

२) स्थानीय तटबन्ध, नदि पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन

३) विपद जोखिम क्षेत्रको नक्सांकन तथा बस्तीहरुको पहिचान र स्थानान्तरण

४) विपद व्यवस्थापन संघ ,प्रदेश र स्थानीय समुदाय संघसस्था तथा निजि क्षेत्रसंग सहयोग, समन्वय र सहकार्य

५) विपद व्यवस्थापन कोषको स्थापना तथा संचालन र स्रोत साधनको परिचालन

६) विपद जोखिम न्यूनीकरण सम्बन्धि स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन अनुगमन तथा नियमन

७) विपद पश्चात स्थानीयस्तरको पुर्नस्थापना र पुननिर्माण

८) स्थानियस्तरको विपद सम्बन्धि तथ्यांक व्यवस्थापन र अध्ययन र अनुसन्धान

९) स्थानीय आपतकालीन कार्य संचालन प्रणाली

१०) समुदायमा आधारित विपद व्यवस्थापन सम्बन्धि कार्यक्रमको संचालन
११) विपद व्यवस्थापन सम्बन्धि अन्य कार्य .

**४) वडा स्तरीय विपद व्यवस्थापन समिति गठन**

क) वडा तथा समुदाय स्तरमा पनि सामुदायिक विपद तथा जलवायू उत्थानशील समितिको गठन गरि त्यस समितिको काम, कर्तव्य र अधिकार उल्लेख गरिनेछ :-

१) त्रिपुरासुन्दरी नगरपालिकाकाको सम्वन्धित वडाको वडाध्यक्ष १ अध्यक्ष
२ त्रिपुरासुन्दरी नगरपालिकाका निर्वाचित वडा सदस्यहरु ४ जना सदस्य

३ टोल विकास संस्था वडा समन्वय समितिका अध्यक्ष १ जना सदस्य

४ वडामा रहेका टोल विकास संस्थाहरु मध्येबाट वडा समितिले मनोनयन गरेका (२ जना टोल विकास संस्थाका अध्यक्षहरु) सदस्य

५ स्थानीय युवा क्लवको प्रतिनिधि २ जना सदस्य

६ स्थानीय गैरसरकारी संस्था, अपांगता भएका व्यक्ति वा संस्था, सहकारी, सामुदायिक संस्था, विद्यालय व्यवस्थापन समिति, स्थानीय शिक्षक, स्वास्थ्यकर्मी, प्रहरी, स्वास्थ्य संस्था, महिला समूह मध्ये वडा समितिले मनोनित गरेका – ६ जना (यसमा महिला, वालवालिका, युवा, शिक्षक तथा अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक, र दलितलाई प्राथमिकता दिनुपर्नेछ)

क) नेपाल रेडक्रस सोसाइटी (नेपाल रेडक्रस सोसाइटी सम्वन्धित वडाका उप शाखा प्रतिनिधि - १ जना सदस्य

ख) स्थानीय गैरसरकारी संस्था भएमा (गैर सरकारी संस्थाहरु मध्ये कुनै एकको प्रतिनिधि १ जना सदस्य)

ग) अपांगता भएका व्यक्तिहरु मध्येवाट वा संस्था भएमा संस्था मध्येवाट १ जना प्रतिनिधि सदस्य

घ) वडामा रहेका आमा समूहहरु मध्येवाट १ जना प्रतिनिधि सदस्य

ङ) वडामा रहेका सहकारी वा सामुदायिक संस्था मध्ये १ जना प्रतिनिधि सदस्य

च) विद्यालय व्यवस्थापन समिति प्रतिनिधि वा स्थानीय शिक्षक मध्ये १ जना सदस्य

७) वडामा रहेका प्राथमिक उपचारकहरु, विपद ब्यवस्थापन तालिम लिएका ब्यक्तिहरुमध्येवाट वडा समितिले मनोनयन गरेका २ जना सदस्य

८) प्रहरीवाट १ जना (वडा प्रहरी कार्यालयका प्रतिनिधि सदस्य)

९) वडामा रहेका प्राथमिक उपचार केन्द्र वा स्वास्थ्य चौकी वा स्थानीय चिकित्सक मध्येवाट वडा समितिले मनोनयन गरेका १ जना प्रतिनिधि सदस्य

१०) वडामा भएमा प्रतिष्ठित निजि क्षेत्रका वडा समितिले मनोनयन गरेका प्रतिनिधि १ जना सदस्य

११ वडा कार्यालयका वडा सचीव १ जना सदस्य सचिव

ख) वडास्तरीय विपद व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार

क) वडामा भएका विपदकार्यको अभिलेख राख्ने

ख) वडास्तरमा आपतकालीन कार्य संचालन

ग) तत्कालिन उद्दारका लागि समन्वय तथा सहयोग

## परिच्छेद - ३

## कोष सञ्चालन एवम् व्यवस्थापन

**६) कोषको स्थापना**

(१) नगरपालिकाको एक बिपद ब्यवस्थापनकोष खडा गरिनेछ ।

(२) दफा (१) बमोजिम बनेको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

(क) नगरपालिकाका पदाधिकारी एवम् कर्मचारीले प्रदान गरेको रकम ।

(ख) नगर सभाद्वारा विनियोजन गरिएको रकम ।

(ग) दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससबाट कोषको नाममा सोझै प्राप्त रकम ।

(घ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(ङ) वडा कार्यालयले विपद व्यवस्थापनमा विनियोजन गरेको रकम ।

**७) कोषको प्रयोग**

(१) कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ ।

(क) प्राकृतिक प्रकोप, विपदबाट असर परेको वा पर्नसक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने ।

(ख) तत्कालिन राहत तथा अस्थायी बसोबासको प्रबन्ध मिलाउन ।

(ग) विपद पश्चात् तत्कालिन खाद्यान्नको लागि आर्थिक सहायता व्यवस्था गर्न ।

(घ) विपदबाट घाइते तथा बिरामीको औषधी उपचार गर्ने ।

(ङ) विपदबाट देहावसान तथा काजक्रियाको लागि मृतकका आफन्तका लागि आर्थिक सहायता गर्ने ।

(च) पहिरो तथा भूक्षयको तत्कालिन नियन्त्रण गर्ने ।

(छ) विपद व्यवस्थापनका सचेतनामूलक कार्यक्रम गर्ने, पूर्व सावधानी अपनाउने वा पूर्व तयारी गर्ने ।

**८) कोषको रकम प्रयोग गर्न नहुने**

(१) दफा (७ ) मा जुनसुकै कुरा लेखिए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन ।

(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलब भत्ता वा सुविधा उपलब्ध गराउन ।

(ख) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन ।

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान प्रदान गर्न ।

(घ) विपदसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन ।

**९) कोष सञ्चालन समिति**

(क) नगरपालिकास्तरमा सञ्चालित विपद व्यवस्थापन कोषको सञ्चालनका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ :

अध्यक्ष : नगरस्तरिय बिपद ब्यवस्थापन समितिको संयोजक

सदस्य सचिव : प्रमुख प्रशासकिय अधिकृत

सदस्य : नेपाल रेडक्रस सोसाईटिको प्रतिनिधि

सदस्य : तोकिएको कार्यपालिका सदस्य १ जना

सदस्य :लेखा प्रमुख

(ख) अन्य कुराहरु नगर कार्यपालिकाले तोकिए बमोजिम हुनेछन् ।

१०) कोषको व्यवस्थापन तथा सञ्चालन

(१) कोषको रकम भिन्नै खातामा जम्मा गरिनेछ ।

(२) समितिको सदस्य सचिव र लेखा प्रमुख वा नगरपालिकाले तोकेको लेखापालको संयुक्त हस्ताक्षरबाट उपनियम (१) बमोजिमको खाता सञ्चालन गरिनेछ ।

**११) आर्थिक सहायता एवम् पूर्वतयारी योजना**

(१) प्रकोपका जोखिममा रहेका क्षेत्रको Risk Assessment tyf Hazard Mapping को व्यवस्था गर्ने । यस कार्यको लागि समितिको निर्णय अनुसार वा समितिको अध्यक्ष स्तरबाट लागत अनुमान अनुसार खर्च गर्ने ।

(२) खोज तथा उद्धारका लागि दक्ष जनशक्ति तयार गर्ने र खोज तथा उद्धार सम्बन्धी अत्यावश्यक औजारको प्रबन्ध मिलाउने, समितिको निर्णयअनुसार ।

(३) विपद पश्चात्को विपद व्यवस्थापन एवम् पहिरो नियन्त्रणको योजना सञ्चालन सामुदायिक स्तरमा, समितिको निर्णयअनुसार विनियोजित रकम ।
(४) सामाजिक एवम् गैरसरकारी संघ संस्थाको सहयोग लिई विपद व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम आवश्यकता अनुसार, समितिको निर्णयअनुसार ।

(५) विपद तथा प्रकोपका घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. १,००,०००/- अक्षरुपी एक लाखका दरले

आर्थिक सहायता वडा समितिको सिफारिस तथा प्रहरी मुचुल्काको् आधारमा उपलब्ध गराउने ।

(६) विपदबाट आवागमन अवरुद्ध भएको भए नगर स्तरीय समिति वा अध्यक्षको आदेश पश्चात् काम गराउने ।

(७) विपदबाट घर, बहालको आवास नष्ट भएका वा खाद्यान्नबाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाका लागि रु. १०,०००/- अक्षरुपी दश हजार सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराउने ।

(८) घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर पूर्ण रुपमा नष्ट भएका वा पूर्ण नष्ट नभए तापनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नुपर्ने वा विस्थापित भै सुरक्षित स्थानमा नयाँ आश्रयस्थल निर्माण गरी व्यवस्था गर्नुपर्ने अवस्थाका परिवारलाई प्रति परिवार रु. २०,०००/- अक्षरुपी बिस हजार सम्म आर्थिक सहायता प्रदान गर्ने ।

(९) प्रकोपका घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालमा नेपाल सरकारले उपचारको प्रबन्ध मिलाएकोले उपचारका लागि अस्पताल पुऱ्याउने प्रबन्ध मिलाउने ।

(१०) प्रकोपबाट पीडितका लागि आश्रयस्थल निर्माणका लागि सहुलियत दरमा निर्माण सामग्री काठ, बालुवा, गिटी (स्थानिय स्तरमा उपलब्ध हुने) उपलब्ध गराउने ।

(११) भूकम्प, बाढी, पहिरो, आगलागी, असिनापानी, हुरीबतास, चट्याङका साथै प्रकोपका कारणबाट भएको हवाई सडक एवम् डुङ्गा दुर्घटनाबाट प्रभावित पीडितलाई मात्र राहत सहयोग उपलब्ध गराउने तर राहत उपलब्ध गराउदा अनिवार्य रुपमा प्रहरी मुचुल्का समाबेश गनुपर्नेछ ।

(१२) विपदको समयमा खानेपानी आपूर्ति बन्द भएमा सुचारु गर्ने प्रबन्ध तत्कालै वडास्तरमै मिलाउने ।

(१३) राहत उपलब्ध गराउँदा घटना भएको ३० दिनभित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र राहत सहयोग उपलब्ध गराउने ।

## १२. समितिको बैठक

क. समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ, आवश्यक परेको समयमा आवश्यकता अनुसार बैठक बस्नेछ ।

ख. समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।
ग. समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउने छ ।

## १३. समितिको कार्यकाल

क) यस ऐन अन्तर्गत बनाइएका समितिको कार्यकाल तिनबर्ष सम्म कायम रहनेछ ।

ख) समितिको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत रहेको छ ।

## १४. परिमार्जन तथा संशोधन

यो ऐनमा परिमार्जन एवं संशोधन गर्नुपर्ने भएमा संसोधनको प्रारूप तयार गरी नगर सभाले पारीत गरेपछि परिमार्जन एवं संशोधन पारित भएको मानिने छ ।

**प्रमाणिकरण मितिः**

**राजपत्र प्रकाशित मितिः**